प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्रदेश कार्यालय, प्रदेश नं. १

इटहरी, सुनसरी

## शैक्षिक शत्र २०७६।०७७ मा डिप्लोमा/प्रमाणपत्र तहको वर्गिकृत (नि:शुल्क) छात्रवृत्तिको वैकल्पिक परीक्षार्थीहरु अध्ययन गर्न सिफारिश भएका शिक्षण संस्थामा भर्ना हुन जाने सम्वन्धी

## अत्यन्त जरुरी सूचना

(दोस्रो पटक नतिजा प्रकाशित मितिः- २०७६।०५।२६)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपूरद्धारा मिति २०७६।०४।१८ गते बिहान ७.०० बजे देखि संचालित प्रवेश परीक्षामा सामेल भएका परीक्षार्थीहरु मध्ये मूख्य परीक्षार्थीहरु भर्ना हून नगई रिक्त हून आएकाले परिषद वाट संचालन र सम्वन्धन स्वीकृति प्राप्त यस प्रदेश अन्तर्गत पर्ने शिक्षण संस्थाहरुमा कोटा र लक्षित वर्गमा मूख्य परीक्षार्थीहरुको नाम र शिक्षण संस्था सहित योग्यता क्रमानूसार सिफारिश गरिएकोले मिति २०७६।०५।२५ गतेको निर्णयानूसार नतिजा प्रकाशित गरिएको व्यहोरा सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । नतिजाको विवरण परिषद्को वेभसाइट www.ctevt.org.np मा प्रकाशित गरिएको छ ।

सिफारिश भएका मुख्य परीक्षार्थीहरुले तोकिएको शिक्षण संस्थामा परिषदको वेभसाइटवाट नतिजा डाउनलोड गरी यो सुचना प्रकाशित भएको मितिले ७ सात दिन मिति २०७६।०६।०१ गते भित्र भर्ना भई सक्नूपर्ने भएकाले उल्लेखित म्याद भित्र भर्ना सम्वन्धी निर्देशिका,२०७४(दोश्रो संशोधन) मा उल्लेख भए वमोजिमका आवश्यक सक्कल कागजातहरु(शैक्षिक प्रमाणपत्रहरु, प्रवेश परीक्षाको प्रवेशपत्र र आफ्नो वर्ग खूल्ने प्रमाणपत्रको सक्कल प्रति) लिई तोकिएको शिक्षण संस्थामा भर्नाका लागि जानू हून सम्वन्धित सवैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

वर्गीकृत(नि:शूल्क) छात्रवृत्तिमा भर्नाका लागि तोकिएका शिक्षण संस्थाहरुले यसै सुचना एवं परिषद् परीक्षा नियन्त्रण कार्यालयको भर्ना सम्वन्धी प्रथम पटक प्रकाशित मिति २०७६।०५।०५ गतेको सुचना वमोजिम भर्ना गर्न हून जानकारी गराइन्छ । उल्लेखित म्याद भित्र परीक्षार्थी भर्ना हून नआई कोटा रिक्त हून रहन आएमा सम्वन्धित शिक्षण संस्थाहरुले रिक्त रहेको कार्यक्रमको परीक्षार्थीको नाम, थर र लक्षित वर्ग समेत उल्लेख गरी यस कार्यालयलाई अनिवार्य रुपमा भर्ना म्याद समाप्त भएको मितिले ३ दिन भित्र ( इमेल erroitahari@gmail.com) मा पत्र स्क्यान गरी पठाउनू हून जानकारी गराइन्छ ।

**डा. शिव प्रसाद दाहाल**
**निर्देशक**